# पशु सेवा विभाग अन्तरगत पशु सेवा तालिम तथा प्रसार निर्देशनालयवाट संचालित **कृषकस्तर पशुपालन व्यवहारिक तालिम संचालन कार्यविधि, २०७०**

नेपाल सरकार (सचिवस्तर) को मिति २०७०।१०।१२ को स्वीकृत

नेपाल सरकार

कृषि विकास मन्त्रालय

# कार्यक्रम संचालन कार्यविधि

**कार्यक्रमः** **कृषकस्तर पशुपालन व्यवहारिक तालिम (१ महिने)**
**(पशुपंक्षी फार्ममा संचालन हुने)**

**तालिक स्लट संख्याः ३ (प्रति स्लट ५ जना)** **सहभागी संख्याः १५ जना**

**बजेटः** रु.२,२५,०००।००

## भूमिका

बिषय विशेष तालिम (गाई, भैंसी, बाखा बंगुर, कुखुरा) लिई व्यवसायिक पशुपालन गर्न ईच्छुक पशुपालक/कृषकहरुलाई सम्बन्धित विषयको पशुपंक्षी फार्ममा नै राखि ***गर्दै सिक्दै*** सिद्धान्तको आधारमा सीप सिकाई आफै नै गर्न सक्ने गरी दक्ष बनाउन आवश्यक भएको हुंदा यस किसिमको सीपमा आधारित तालिमको व्यवस्था गरिएको ।

## उद्देश्यः

प्रशिक्षार्थीहरुलाई पशुपंक्षी फार्ममा राखि ***आफै गरेर सिक्ने*** सिकाईद्वारा नियमित रुपमा सिक्ने अवसर प्रदान गर्दै दक्ष बनाउने ।

## तालिम अवधिः

एक महिना (३० दिन) ।

## सहभागीको किसिमः

पशुपंक्षीपालन पेशाको माध्यमबाट स्वरोजगार बन्न चाहने युवा कृषकहरु (विदेशमा काम गरी स्वदेशमा फर्की व्यवसायिक रुपमा पशुपालन गर्न चाहना राख्ने युवा बर्गहरु समेत) यस तालिमको सहभागी हुनेछन् ।

## सहभागीको छनौटः

राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी प्राप्त हुन आएका दरखास्तहरुको आधारमा पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहर भवनले सहभागीहरुको छनौट गर्नेछ ।

## तालिम संचालन विधिः

- तिन समूह (प्रति समुह ५ जना) मा स्थलगत रुपमा सरकारी तथा सरकारको स्वामीत्व रहेको फार्महरुमा तालिम संचालन हुनेछ ।
- गाई/भैंसीपालन, बाखापालन, बंगुरपालन र कुखुरापालन विषयहरुमा तालिम संचालन हुनेछ ।
- सहभागीले १ महिनासम्म सम्बन्धित विषयको फार्ममा नै बसेर फार्मको प्राविधिक कर्मचारीहरुको सहयोग र रेखदेखमा फार्मको दैनिकी कार्यमा सहभागी भै सीप सिक्नेछ ।
- तालिम अवधि पुरा भए पछि सहभागीहरुलाई पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहर भवन र तालिम संचालन गर्ने फार्मले संयुक्त रुपमा प्रमाण-पत्र प्रदान गर्नेछ ।

## पाठ्यक्रमः

तालिम अवधिभर फार्ममा राखि निम्न विषयहरुमा *गर्दै सिक्ने* विधिबाट ज्ञान र सीप उपलब्ध गराउने-

| क्र.सं. | बिषय | सैद्धान्तिक | व्यवहारिक | जम्मा कक्षा |
|---|---|---|---|---|
| १ | पशुपंक्षीको स्थानिय तथा उन्नत जात र विशेषता | १ | १ | २ |
| २ | राम्रो तथा बढी उत्पादन दिने पशुको छनौट विधि । | १ | २ | ३ |
| ३ | पशु नश्ल सुधार विधि | १ | १ | २ |
| ४ | गोठ तथा खोरको निर्माण र सरसफाई | १ | ४ | ५ |
| ५ | दाना बनाउने र खुवाउने विधि | १ | ४ | ५ |
| ६ | पशु आहारा (हरियो घांस लगाउने, घांसको संरक्षण गर्ने विधि ..) | १ | ३ | ४ |
| ७ | खोप लगाउने, औषधि खुवाउने, प्राथमिक उपचार गर्ने र खसी पार्ने व्यवहारिक ज्ञान । | १ | ६ | ७ |
| ८ | गोठ तथा खोरको जैविक सुरक्षा विधि आदि.. । | १ | ४ | ५ |
| | | | | ३३ |

## तालिम खर्चः

| विवरण | कैफियत |
|---|---|
| १. सहभागीको भ्रमण खर्चः<br>• सहभागीहरुले प्रचलित दर अनुसार पाउने आतेजाते भ्रमण तथा फूट्कर खर्च | केन्द्रीयस्तर तालिम |
| २. सहभागीको दैनिक भत्ताः<br>• प्रति सहभागी प्रति दिन रु.३००।०० ले ३१.५ दिनको रु.९४५०।०० गरी १५ जनाको जम्मा हुने खर्च | |
| ३. तालिम संयोजक र सहयोगीको भत्ताः<br>• एक जना तालिम संयोजकको भत्ता प्रति दिन रु.३००।०० ले १५ दिने र बांकी अवधि रु. १५०।०० ले हुने रु.<br>• दुई जना सहयोगीको भत्ता प्रति दिन प्रति व्यक्ति रु.१००।०० ले ३० दिनको हुने रु. | |
| ४. तालिम संयोजक र सहयोगीको खाजाः<br>• १ जना तालिम संयोजक र २ जना सहयोगी गरी ३ जनाको प्रति दिन प्रति व्यक्ति खाजा रु.५०।०० का दरले हुने ३० दिनको खर्च | |
| ५. प्रशिक्षक भत्ताः<br>सहभागीहरुलाई ज्ञान र सीप प्रदान गर्न प्रशिक्षकहरुले फार्ममा कक्षा संचालन गरे वापत (३३ कक्षाको प्रति कक्षा रु.५००।०० ले हुन)को खर्च | |
| ६. स्टेशनरीः<br>१५ जना सहभागीको प्रति व्यक्ति रु.१००।०० हुने स्टेशनरी खर्च | |
| ७. मसलन्दः<br>तिन समूह (५/५ जनाको एक समूह) को तालिम संचालन गर्न प्रति तालिम मसलन्द खर्च बापत रु.२५००।०० हुने खर्च | |
| ८. विविध खर्चः<br>(पानी, प्रमाणपत्र, व्यानर तथा सरसफाई आदि) | |
| ९. तालिम सामग्री (सिरीन्ज, निडिल, फोर्सेप, कैंची, थर्मामिटर, रुवा, स्पिरीट आदि) प्रचलिन दर बजार अनुसार खरीद गर्ने | |